नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १०९ २०८३ साल मंसिर १० गते बिहीबार (26 Nov 2026 Thursday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : हिमतालको जोखिमबाट... ३ पृष्ठमा : हिमालयको हिमक्षेत्रबारे विज्ञान.. ३ पृष्ठमा : गुगलविरुद्ध मलेसियाको १४...

“सामुहिक गिरफ्तार गर” नारासहित पत्रकारहरुको धर्ना



दैनिक समाचारदाता
राजविराज, ९ मंसिर ।

प्रेस स्वतन्त्रता जोगाउन तथा प्रेसप्रति सकारकारको अनुदार व्यवहार बन्द गर्न लगायतका मागसहित सप्तरीका पत्रकारहरु प्रर्दशनसहित जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका छन ।

नेपाल पत्रकार महासंघ सप्तरीको अगुवाईमा बुधवार सदरमुकाम राजविराजस्थित जिप्रका सप्तरीमा एक घण्टा धर्ना दिएका हुन् ।

“सामुहिक गिरफ्तार गर” तथा प्रेस स्वतन्त्रताको पक्षमा लेखिएको विभिन्न नारा सहितको ब्यानर लिएर पत्रकारहरुको टोलीले जिल्ला प्रशासन कार्यालयको मूलगेट मै एक घण्टा धर्ना बसे ।

पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देवले देशै भरका पत्रकारहरुले आन्दोलन थालेको जानकारी दिदै संचारगृहलाई प्रदान गर्दै आएको लोक कल्याणकारि विज्ञापन वापतको रकम कटौती गरेको, संसदलाई छलेर अध्यादेश मार्फत प्रेस विरोधी गतिबीधी गर्ने गरेको, संचारकर्मीको मुख थुन्ने काम गरेको, प्रेस तथा अभिव्यक्ती स्वतन्त्रता खोस्ने लगायतका काम हुदै आएकाले विरोधमा उत्रिनु परेको जनाए ।

प्रेस स्वतन्त्रतामाथीको हस्तक्षेप, पत्रकार घडपकड,

बाँकी तीन पृष्ठमा

हात्तीको आक्रमणबाट एकको मृत्यु

दैनिक समाचारदाता
राजविराज, ९ मंसिर ।

सप्तरीको रुपनी गाउँपालिकामा हात्तीको आक्रमणमा परी एक जनाको मृत्यु भएको छ ।

मंगलबार मध्यराती १:०० बजे हात्तीको आक्रमणमा परी सोही पालिका ६ वीरेन्द्र बजारका ५३ वर्षीय सुवबहादुर श्रेष्ठको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता हेमराज घिमिरेका अनुसार बस्तीमा हात्ती आएको थाहा पाएपछि घरनजिकै आगो बालेर बसिरहेका श्रेष्ठलाई हात्तीले आक्रमण गरेपछी निजका छोरा अर्जुन भागेर ज्यान जोगाउन सफल भएका छन् ।

यता एक सातादेखि हात्तीको ठूलो बथान रुपनीमा प्रवेश गरेपछि स्थानीय त्रसित छन् । गत कात्तिक २९ गते पनि हात्तीको आक्रमणबाट सरुइगा नगरपालिका ४ का ७० वर्षीय गोपी चौधरीको ज्यान गएको थियो ।

बाइस लाख बराबरका मालसामान बरामद

दैनिक समाचारदाता
पर्सा, ९ मंसिर ।

पर्सा प्रहरीले २२ लाख दुई हजार ७ सय बराबरका मालसामानसहित तीनवटा गाडी बरामद गरेको छ ।

जिल्ला सदरमुकाम वीरगन्ज महानगरपालिका १० रानीघाटस्थित भारतबाट भन्सार छली चोरीपैठारी गरी भित्र्याइएका चार लाख २३ हजार ५ सय

बाँकी तीन पृष्ठमा

निर्वाचित कानुन व्यवसायीले गरे पदभार ग्रहण



दैनिक समाचारदाता
राजविराज, ९ मंसिर ।

राजविराज उच्च अदालत बार एशोसिएशनका नवनिर्वाचित पदाधिकारीहरुले बुधवार एक कार्यक्रमबीच पद तथा गोपनियताको सपथ लिदै पदभार ग्रहण गरेका छन ।

निर्वाचित भएको झण्डै सवा दुई महिना पछि नवनिर्वाचित पदाधिकारीहरुले पदभार ग्रहण गरेका हुन । गत भदौ २७ गते निर्वाचन सम्पन्न भएको थियो ।

चाडपर्व तथा विविध कारणले ढिला गरी पदस्थापन कार्यक्रमको आयोजना गरिएको एशोसिएशनले जनाएको छ ।

एशोसिएशनका अध्यक्ष हरेराम यादवको अध्यक्षतामा आयोजित सपथ ग्रहण समारोहमा निर्वाचन समितीका संयोजक धमेन्द्र यादवले निर्वाचित भएको प्रमाणपत्र प्रदान गरे संगै प्रमुख अतिथी बरिष्टतम न्यायाधिश सुभाष पौडेलले नवनिर्वाचित अध्यक्ष सहितका पादाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउँदै पदभार ग्रहण गराएका छन ।

उक्त अवसरमा उच्च तथा जिल्ला अदालतका न्यायधिशहरुका साथै राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, हनुमाननगर कंकालिनी नगरपाकिाका नगर प्रमुख विरेन्द्र माझी, तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादव, एशोसिएशनका पूर्व अध्यक्ष हेम नारायण चौधरी, श्याम नारायण साह, विजय यादव, रमानन्द साह, बरिष्ट अधिवक्ताद्वय सुजित पोखरेल, भानुभक्त निरौला लगायतले शुभकामना दिएका थिए ।

एशोसिएशनको गत भदौ २७ गते सम्पन्न निर्वाचनमा अध्यक्ष पदमा बलराम प्रसाद सिह, उपाध्यक्षमा विनोद कुमार पाण्डे, सचिव पार्वति कुमारी जोशी, सहसचिव अस्मिता थापा र कोषाध्यक्षमा भोगिलाल यादव

बाँकी तीन पृष्ठमा

क्षयरोगबाट बचौ र बचाऔ



- लामो समयसम्म खोकी लागेमा, खकारमा रगत देखिएमा, तौल घट्ने, ज्वरो आउने जस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराऔं,
- क्षयरोग सरुवा रोग हो, समयमै पहिचान र नियमित उपचारबाट निको हुन सक्छ,
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार क्षयरोगको औषधि नियमित सेवन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

मानवलाई मानवकै दृष्टिमा हेर्ने प्रयास गरौं

भेदभाव मानव सभ्यता माथिको कलंक हो । नेपाल जस्तो विकासशील देशमा मात्र नभई विकसित मुलुकहरुमा समेत जात, धर्म, लिङ्ग, रंग भेद जस्ता भेदभावहरु कायमै रहेको छ । कहीं जातजातिका आधारमा कसैसँग भेदभाव गरिंदैछ भने कहीं लिंगका आधारमा विभेद गरिदै छ । हाम्रो मुलुकको संविधानले कुनै पनि व्यक्तिसँग कुनै आधारमा विभेद गरिदैन भनेको छ । त्यसका आधारमा विभिन्न ऐन, कानून र नियमावलीहरु समेत निर्माण नभएका होइनन् । तर, अहिले पनि धार्मिक रुपमा, जातिय रुपमा, लैङ्गिक रुपमा आदि विभेदहरु कायमै रहेका छन् । यस्ता विभेद कानूनी रुपमै दण्डनीय भएपनि व्यवहारमा अहिले पनि यस्ता भेदभावका घटनाहरु हाम्रा सामु आई नै रहन्छन् ।

जात, धर्म, लिङ्ग, वर्ण आदिका रुपमा विभेद अहिले पनि कायमै रहनु भनेको हाम्रो पछौटेपनाको घातक हो । विभिन्न खाले भेदभाव कायमै रहँदा मुलुकलाई सबैको साझा थलोका रुपमा विकास गर्न भने निकै गाह्रो रहेको छ । हाम्रो मुलुक विकासतर्फ लम्किरहेको मुलुक हो । देशमा भर्खर संघियताको अभ्यास हुन थालेको छ । गाउँगाउँमा सिंहदरबार पुगेको अवस्था छ । यस्तो अवस्थामा पनि विभिन्न खाले विभेद कायमै रहनु दुखद हो ।

तसर्थ आफ्ना मनमस्तिष्कलाई रुढिवादिताबाट मुक्त गरौं र सबैसँग सहकार्य गर्दै मुलुक बनाऔं । मानवलाई मानवकै दृष्टिमा हेर्ने प्रयास गरौं । छुवाछुत, भेदभावलाई अन्त्य गर्नेतर्फ सबै हातेमालो गरौं ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

हिमतालको जोखिमबाट जोगाउन ५० मिलियन डलरको परियोजना

भीष्मराज ओझा

काठमाडौँ, ९ मंसिर (रासस) ।

हिमताल विस्फोटजन्य बाढी (जिएलओएफ) को जोखिममा रहेका जलवायु परिवर्तनबाट प्रभावित हिमाली समुदायको संरक्षण गर्ने उद्देश्यले ४९.९४ मिलियन अमेरिकी डलरको 'जिएलओएफ सञ्जिवनी परियोजना' सञ्चालन गर्न लागिएको छ ।

यस परियोजनाका लागि हरित जलवायु कोषबाट ३६.१६ मिलियन अमेरिकी डलर अनुदान, नेपाल सरकारबाट ११.३२ मिलियन अमेरिकी डलर सह-वित्तीय योगदान, युएनडिपीबाट २.१४ मिलियन अमेरिकी डलर र निजी क्षेत्रका साझेदारहरूबाट ०.३२ मिलियन अमेरिकी डलरको योगदान प्राप्त हुनेछ ।

सन् २०२६ देखि २०३३ सम्म सञ्चालन हुने यस परियोजनाबाट प्रत्यक्ष रूपमा तीन लाख ८५ हजारभन्दा बढी मानिस लाभान्वित हुने परियोजनाले जनाएको छ । जसमध्ये ५५ प्रतिशत महिला छन् । साथै, तल्लो तटीय जलाधार क्षेत्रमा बसोबास गर्ने करिब २० लाख थप मानिसले अप्रत्यक्ष रूपमा सुरक्षा लाभ प्राप्त गर्ने बताईएको छ ।

परियोजनाको बुधबार आयोजित उद्घाटन कार्यशालामा जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव नवीनराज सिंहले परियोजनाको समयमै र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न एकीकृत र सहकार्यमा आधारित दृष्टिकोणलाई प्राथमिकता दिइने बताउनुभयो । "यस प्रयासअन्तर्गत हामी 'जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र'लाई उत्कृष्टताको केन्द्रका रूपमा विकास गर्नुका साथै जलविद्युत् विकासकर्ता, व्यापक निजी क्षेत्र र अन्य प्रमुख सरोकारवालासँगको सहकार्यलाई सुदृढ बनाउने लक्ष्य राख्छौं, ताकि परियोजनाले दिगो र दीर्घकालीन प्रभाव दिन सकोस्," उहाँले भन्नुभयो ।

हिमाली क्षेत्रमा तीव्र गतिमा तापक्रम वृद्धि भइरहेको छ, जसले हिमनदी पग्लिने क्रमलाई तीव्र बनाउनुका साथै उच्च हिमाली क्षेत्रमा रहेका तालहरूको विस्तार गरिरहेको छ । यस परिवर्तनले विपद् आएपछि मात्र प्रतिक्रिया जनाउने परम्परागत अभ्यासबाट अघि बढ्दै दीर्घकालीन जोखिम न्यूनीकरणका लागि सक्रिय पहल गर्नुपर्ने राष्ट्रिय आवश्यकतालाई उजागर गरेको छ ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम भए तापनि नेपालले जलवायु परिवर्तनका गम्भीर असरहरू भोगिरहेको छ । यसको पछिल्लो उदाहरण रसुवा-भोटेकोशी क्षेत्रमा हालै आएका आकस्मिक बाढीहरू देखिएको अर्थ मन्त्रालयका सहसचिव अमृत लम्सालले बताउनुभयो । यस संयुक्त पहलमार्फत अर्थ मन्त्रालय 'जिएलओएफ' जोखिम न्यूनीकरणका प्रयासहरूलाई व्यापक राष्ट्रिय विकास प्राथमिकता तथा जवाफदेहिताका ढाँचासँग समन्वय गर्दै आफ्ना जिम्मेवारी पूरा गर्न प्रतिबद्ध छ," उहाँले भन्नुभयो ।

यसैगरी, नेपालका लागि युएनडिपीकी आवासीय प्रतिनिधि क्योको योकोसुकाले दुई महिनाअघि रसुवा-भोटेकोशी र गण्डकी जलाधार क्षेत्रमा देखिएका विनाशकारी बाढीहरूले जलवायुसम्बन्धी चरम जोखिमहरू कति छिटो मानवीय र आर्थिक विपत्तिमा परिणत हुन सक्छन् भन्ने स्मरण गराएको उल्लेख गर्नुभयो ।

"यसले हामीलाई एउटा सरल तर महत्वपूर्ण सन्देश पनि दिएको छ: अर्को विपद्को प्रतीक्षा गरेर हामी बस्न सक्दैनौं," उहाँले भन्नुभयो, "परियोजनाको सबैभन्दा महत्वपूर्ण रणनीतिक मूल्य यही हो । यसले हामीलाई विपद्पछि प्रतिक्रिया जनाउने अवस्थाबाट जोखिमको पूर्वानुमान गर्ने, त्यसलाई न्यूनीकरण गर्ने र विपद् आउनुअघि नै विकासका लगानीहरूको संरक्षण गर्ने दिशामा अघि बढ्ने अवसर प्रदान गर्दछ ।"

हरित जलवायु कोष (जिसिएफ) सचिवालयका जलवायु लगानी प्रमुख बप्पोन फखरुद्दिनले यसलाई विस्तारयोग्य परियोजनाका रूपमा लिनुपर्ने र यसले सीमापार लचिलोपनसम्बन्धी विविध सहकार्यलाई सक्षम बनाउने धारणा व्यक्त गर्नुभयो । साथै यसले राष्ट्रिय पारिस्थितिक प्रणालीभित्र जीविकोपार्जन, वित्त, व्यवसाय र साझेदारीका क्षेत्रमा थप व्यापक अवसरहरू सिर्जना गर्ने उहाँको भनाई थियो ।

परियोजनाको प्रमुख घटकका रूपमा उच्च हिमाली क्षेत्रमा रहेका चारवटा हिमतालको पानीको सतह घटाउने योजना रहेको छ । जसअनुसार डोना, लुम्दिङ छ्यो र तल्लो बरुण हिमतालहरुको पानीको सतह तीन/तीन मिटर तथा हङ्गु 'दुई' हिमतालको पानीको सतह एक मिटरले घटाइनेछ ।

हिमतालको पानीको सतह घटाउने कार्यबाहेक परियोजनाले जलवायु जोखिमसम्बन्धी सूचना तथा योजनालाई सुदृढ बनाउने, जलविज्ञान तथा मौसमसम्बन्धी अनुगमन प्रणाली विस्तार गर्ने र पूर्वसूचना प्रणाली स्थापना तथा सुधार गर्नेछ । साथै, तल्लो तटीय क्षेत्रमा बाढीको जोखिम न्यूनीकरण गर्न प्रकृतिमा आधारित समाधान तथा सुरक्षात्मक पूर्वाधारको विकास र कार्यान्वयन पनि गरिनेछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी धर्मराज उप्रेतीले पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउनु भनेको विज्ञानमा आधारित सूचना जोखिममा रहेका समुदायसम्म पर्याप्त समय अगावै पुऱ्याउनु भएको बताउनुभयो ।

"जसले गर्दा जोखिम विपद्मा परिणत हुनुअघि नै उनीहरूले समयमै आवश्यक कदम चाल्न सकून् । उत्थानशीलता निर्माण गर्न सरकार, विकास साझेदार, निजी क्षेत्र र स्थानीय समुदायलाई एकै ठाउँमा ल्याउने समग्र समाजको दृष्टिकोण आवश्यक छ," उहाँले भन्नुभयो, "सामूहिक रूपमा काम गरेर हामी जोखिमलाई उत्थानशीलतामा रूपान्तरण गर्न र सुरक्षित तथा जलवायु परिवर्तनप्रति थप उत्थानशील नेपाल निर्माण गर्न सक्छौं" ।

जल तथा जलस्रोत अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सञ्जीव बरालले हिमाली क्षेत्र तीव्र गतिमा परिवर्तन भइरहेका कारण हिमतालहरू 'टिक टिक' गरिरहेका टाइम बमजस्तै भएको बताउनुभयो । "सानो बाँध फुट्दा पनि सयौं अर्ब डलर बराबरको क्षति हुन सक्छ । त्यसैले उचित सुरक्षा सावधानी अपनाउँदै तथा वातावरणीय र सामाजिक सुरक्षाका मापदण्डहरूको पालना गर्दै हिमतालको पानीको सतह तत्काल घटाउन आवश्यक छ, ताकि यसको कार्यान्वयन अझ प्रभावकारी हुन सकोस्," उहाँले भन्नुभयो ।

समुदायस्तरमा स्थानीय सरकार तथा परियोजनाका लागि छनोट गरिएका नगरपालिकाहरूले कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । उनीहरूले जोखिममा रहेका समुदायलाई पूर्वसूचनाका आधारमा आवश्यक प्रतिक्रिया जनाउन सहयोग गर्ने बताईएको छ ।

परियोजनाका लक्षित स्थानीय तहमध्ये एक नासाँ गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले समुदायलाई थप सुरक्षित र उत्थानशील बनाउने महत्वपूर्ण अवसरका रूपमा परियोजनाको स्वागत गर्नुभयो । "यसको कार्यान्वयनमा हाम्रो पूर्ण प्रतिबद्धता तथा योगदान रहनेछ । सूचित भू-उपयोग योजना, गहन अनुसन्धान र स्थानीय समुदायको सक्रिय सहभागितामार्फत यस परियोजनाले सुरक्षित बस्ती सुनिश्चित गर्न, जीविकोपार्जन सुधार गर्न तथा जलविद्युत् र पर्यटन विकासका नयाँ अवसरहरू सिर्जना गर्न सहयोग पुऱ्याउन सक्छ," उहाँले भन्नुभयो ।

'जिएलओएफ सन्जिवनी परियोजना' जल तथा ऊर्जा आयोगको सचिवालयअन्तर्गत रहेको जल तथा जलस्रोत अनुसन्धान केन्द्रमार्फत कार्यान्वयन हुनेछ । यसमा चुरे तथा जलाधार संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सहकार्य रहेको छ । साथै यसका प्रमुख साझेदारहरूमा अर्थ मन्त्रालय, नेपाल पर्यटन बोर्ड र स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल पनि रहेका छन् ।

यौन हिंसासम्बन्धी विधेयक संशोधनको माग

काठमाडौँ, ९ मंसिर (रासस) ।

प्रतिनिधिसभाका सांसदहरुले यौन हिंसासम्बन्धी प्रस्तावित विधेयक अधुरो र अपुरो रहेकाले त्यस संशोधन गरी पूर्णता दिनुपर्नेमा जोड दिनुभएको छ ।

लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चिता नारासहित बुधबारदेखि सुरु भएको लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानसम्बन्धी अन्तर्क्रियामा सांसदहरुले यौन हिंसासम्बन्धी आवश्यक कानुन संशोधन गर्नुपर्नेमा जोड दिनुभएको हो । प्रस्तावित विधेयकमा थप पाँचवटा बुँदा सुधार गर्नुपर्ने आवश्यकता रहेको उहाँहरुको भनाइ थियो ।

महिला, कानुन र विकास मञ्च र इक्वुलिटी नाउले आयोजना उक्त कार्यक्रममा प्रस्तावित विधेयकलाई आवश्यक सुधार गरी गुणस्तरीय बनाउन नसकिएमा भविष्यमा निर्माण हुने कानुन अधुरो र अपुरो हुने सांसदहरुको भनाइ छ ।

प्रतिनिधिसभा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचेतक नीता घतानीले बदलिँदो परिस्थितिलाई समेट्ने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामाले यौन हिंसाका पीडकलाई अन्य अपराधी सरह सजाय दिएर मात्र नपुग्ने भएकाले विशेष सजायको व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का सांसद बलावती शर्माले यौन हिंसासम्बन्धी अपराधमा कठोर सजायको व्यवस्थाको प्रावधान राखिनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

छलफलमा सहभागी अन्य सांसदले पनि यौन तथा लैंगिक हिंसा अन्त्यका लागि प्रभावकारी कानुन बनाउन ढिला गर्न नहुनेमा जोड दिनुभयो । यौन हिंसासम्बन्धी विषय गम्भीर भएकाले हतारमा कानुन निर्माण गरेर पछुताउनेभन्दा पहिले व्यापक छलफल गरेर प्रक्रिया अगाडि बढाउनु बुद्धिमानी हुने उहाँको भनाइ छ ।

मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले मन्त्रालयले तयार पारेको विधेयकमा जबर्जस्ती करणी, वैवाहिक बलात्कार र हद म्यादसम्बन्धी प्रस्तावित विधेयकमा सुधार आवश्यक रहेको बताउनुभयो ।

वार्षिक रुपमा हुने अपराधको २९ प्रतिशत लैंगिक हिंसाका घटना रहेको तथ्याङ्क छ । कार्यक्रममा प्रस्तुत तथ्याङ्कअनुसार ७८.५ प्रतिशत अभियुक्त पीडितका परिचित व्यक्ति रहेको छ । त्यसबाट ६२.४ प्रतिशत बालिका पीडित रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो ।

यसैगरी हदम्यादका सम्बन्धमा पनि न्यायमा पीडितको पहुँच सुनिश्चित गर्न र अपराधीलाई उम्किन नदिने व्यवस्थाका लागि सुझाव दिइएको छ ।

हिमालयको हिमक्षेत्रबारे विज्ञान, नीति र क्षेत्रीय सहकार्यसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन हुँदै

काठमाडौँ, ९ मंसिर (रासस)।

हिन्दुकुश हिमालय क्षेत्रको हिममण्डलमा भइरहेको तीव्र परिवर्तन, त्यसको प्रभाव र जोखिम न्यूनीकरणका उपायबारे छलफल गर्न काठमाडौँमा अन्तरराष्ट्रिय सम्मेलन आयोजना हुने भएको छ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को आयोजनामा आगामी नोभेम्बर २५ देखि २७ (मङ्सिर ९ देखि ११)सम्म ललितपुरको खुमलटारस्थित इसिमोडको कार्यालयमा 'एचकेएच क्रायोस्फियरका लागि विज्ञान, नीति तथा क्षेत्रीय सहकार्य प्रवर्द्धनसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन' हुन लागेको हो।

सम्मेलनमा हिन्दुकुश हिमालय क्षेत्रमा हिउँ र हिमनदी पग्लिने क्रम, हिमताल विस्फोटजन्य बाढी, हिमपहिरो, जलस्रोत तथा पर्वतीय समुदायको जीविकोपार्जनमा जलवायु परिवर्तनले पारेको प्रभावबारे छलफल हुने ईसिमोडले जनाएको छ।

इसिमोडका अनुसार हिन्दुकुश हिमालय क्षेत्रमा ध्रुवीय क्षेत्रबाहिर विश्वकै सबैभन्दा ठूलो हिमभण्डार रहेको छ। यस क्षेत्रबाट बग्ने नदीमा करिब दुई अर्ब मानिस निर्भर छन्। सन् १९७५ यता केही क्षेत्रमा हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको अध्ययनले देखाएको छ।

हिमनदी पग्लिने क्रम तीव्र हुँदै गए पनि त्यसको नियमित अनुगमन र तथ्याङ्क सङ्कलनमा चुनौती देखिएको छ। अनुगमनमा रहेका ३८ हिमनदीमध्ये १८ प्रतिशतले मात्र विश्व हिमनदी अनुगमन सेवा (डब्लुजीएमएस)ले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका छन्। उक्त मापदण्ड पूरा गर्न कम्तीमा १० वर्षसम्म निरन्तर अवलोकन आवश्यक हुन्छ।

तथ्याङ्कको अभावले हिमनदीमा भइरहेको परिवर्तनको दीर्घकालीन अनुमान, विपद् पूर्वतयारी तथा सरकार र समुदायले लिनुपर्ने नीतिगत निर्णय प्रभावित भइरहेको सम्मेलनको अवधारणामा उल्लेख छ।

सम्मेलनमा हिमनदी तथा हिउँको अवस्था, हिमताल विस्फोटजन्य बाढी र हिमपहिरोको जोखिम, नदी प्रणाली, जलविद्युत्, सिँचाइ तथा पर्वतीय समुदायको जीविकोपार्जनमा पर्ने प्रभावलगायत विषयमा छलफल हुनेछ। साथै वैज्ञानिक अनुसन्धानलाई नीतिनिर्माणसँग जोड्ने, तथ्याङ्क आदानप्रदान गर्ने, क्षेत्रीय सहकार्य विस्तार गर्ने र लगानी बढाउने विषयमा पनि विमर्श हुनेछ।

इसिमोडले स्विस पोलार इन्स्टिच्युट, क्रायोस्फियर फाउन्डेसन, पोलार रिसर्च सेन्टर र खलिफा विश्वविद्यालयसँगको सहकार्यमा सम्मेलन आयोजना गर्न लागेको हो। सम्मेलनलाई स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअपरेसनले सहयोग गरेको छ।

जलवायु तथा वातावरणीय जोखिम प्रमुख चियाङ्गोङ झाङ्ले क्रायोस्फियर विज्ञानसम्बन्धी अन्तरराष्ट्रियकार्य दशकका सन्दर्भमा विज्ञान, नीति र क्षेत्रीय सहकार्यलाई एकै ठाउँमा ल्याउनु महत्वपूर्ण कदम भएको बताउनुभएको छ। उहाँले क्रायोस्फियरसम्बन्धी वैज्ञानिक प्रमाण, नीतिगत निर्णय र लगानीबीचको सम्बन्ध सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो।

हिन्दुकुश हिमालय क्षेत्रमा बढ्दै गएका हिममण्डलीय जोखिमको व्यवस्थापन, जलसुरक्षा, जनजीविकाको संरक्षण तथा पारिस्थितिक प्रणालीको दिगोपन सुनिश्चित गर्न विज्ञानमा आधारित निर्णय र क्षेत्रीय सहकार्य महत्वपूर्ण हुने झाङको भनाइ छ। उहाँले वैज्ञानिक तथ्यलाई नीतिगत निर्णय र लगानीसँग जोड्न सके मात्रै यस क्षेत्रका साझा चुनौतीको प्रभावकारी सम्बोधन गर्न सकिने धारणा व्यक्त गर्नुभयो। सम्मेलनमा क्षेत्रीय तथा अन्तरराष्ट्रिय वैज्ञानिक, नीतिनिर्माता, सरकारी निकाय र विकास साझेदारको सहभागिता रहनेछ।

विधेयकमा समेटिएको 'वेश्यावृत्ति' शब्दको विकल्पबारे छलफल

काठमाडौँ, ९ मंसिर (रासस)।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विधेयकमा प्रयोग गरिएको 'वेश्यावृत्ति' शब्दको सट्टा उपयुक्त विकल्प खोजिने भएको छ।

प्रतिनिधिसभाअन्तर्गतको महिला तथा सामाजिक मामिला समितिमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३ माथिको दफावार छलफलका क्रममा उक्त शब्दको विकल्प र त्यसले पार्ने कानुनी प्रभावबारे छलफल भएको हो।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादीले मन्त्रालयले विभिन्न चरणमा छलफल गरे पनि उपयुक्त विकल्पबारे निष्कर्षमा पुग्न नसकिरहेको समितिलाई जानकारी गराउनुभयो।

उपयुक्त शब्द सुझाउन समिति सदस्यलाई आग्रह गर्दै उहाँले उपयुक्त विकल्प दिए मन्त्रालय त्यसलाई विधेयकमा समावेश गर्न सकारात्मक रहेको उहाँको बताउनुभयो।

समिति सभापति आकृति अवस्थीले शब्द परिवर्तन गर्दा त्यसले समेट्दै आएको कानुनी अर्थ नहराउने र अपराधमा संलग्न व्यक्ति सजायबाट उम्कन नसक्ने गरी विकल्प खोज्नुपर्ने बताउनुभयो।

उहाँले शारीरिक शोषणको परिभाषाले कुटपिट, अङ्ग बेचबिखन र जबर्जस्ती श्रममा लगाउने कार्यसमेत समेट्न सक्ने उल्लेख गर्दै 'वेश्यावृत्ति' शब्दको विकल्प खोज्दा कुनै पनि अर्थ छुट्न नहुनेमा जोड दिनुभयो।

सभापति अवस्थीले शब्द हटाउनुपर्ने प्रस्ताव मात्रै पर्याप्त नहुने भएकाले त्यसको सट्टा कुन शब्द राख्ने, त्यसको कानुनी आधार के हुने र सजाय कार्यान्वयनमा कुनै जटिलता आउँछ कि आउँदैन भन्ने विषयमा स्पष्ट सुझाव दिन समिति सदस्यलाई आग्रह गर्नुभयो।

उक्त विषयमा ठोस विकल्पमा सहमति जुट्न नसकेपछि समितिले विधेयकको सम्बन्धित दफामाथिको छलफल अर्को बैठकमा गर्ने भएको छ।

समिति सदस्य पार्वती विक, एशुदा कुमारी बराल र ज्ञानु पौडेल लगायतले त्यस सम्बन्धमा संशोधनको सुझाव प्रस्तुत गर्नुभएको थियो।

उक्त विधेयक माथिको दफावार छलफलका क्रममा संशोधनकर्ता सांसदले 'वेश्यावृत्ति' शब्दले विशेषगरी महिलालाई सामाजिक कलङ्क र विभेदको भार बोकाउने भन्दै त्यसको सट्टा वैकल्पिक शब्द प्रयोग गर्नुपर्ने धारणा राख्दै आउनुभएको छ।

विधेयकमा के छ ?

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकको दफा ३ को उपदफा ४ को खण्ड (ङ) मा 'शोषण' भन्नाले दास वा बाँधा बनाउने वा त्यस्तो हैसियतमा राख्ने, वेश्यावृत्तिमा लगाउने, विद्युतीय वा अन्य कुनै माध्यम प्रयोग गरी वा नगरी यौन शोषण गर्ने, प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा जबर्जस्ती श्रममा लगाउने कार्य सम्झनु पर्छ भन्ने उल्लेख छ।

सातै प्रदेशमा प्रादेशिक 'ट्रमा सेन्टर' स्थापना गछौं : स्वास्थ्यमन्त्री मेहता

काठमाडौँ, ९ मंसिर (रासस)।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सडक दुर्घटना तथा अन्य विपद्बाट घाइते हुने नागरिकलाई सहज र गुणस्तरीय उपचार सेवा उपलब्ध गराउन सरकारले सातै प्रदेशमा प्रादेशिक 'ट्रमा सेन्टर' स्थापना गरिने बताउनुभएको छ।

राष्ट्रिय ट्रमा सेन्टरको १३औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा मन्त्री मेहताले उपकरण, दक्ष जनशक्ति, बहुविषयगत चिकित्सक टोली र प्रभावकारी व्यवस्थापनसहित प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिने बताउनुभयो। यसबाट सामान्य तथा मध्यम प्रकृतिका चोटपटकको उपचार प्रदेशस्तरमै सम्भव हुने र बिरामीको रिफरल प्रणाली व्यवस्थित हुने उहाँको भनाइ छ।

उहाँले दुर्घटनापछिको उपचारमा अस्पतालपूर्वको आकस्मिक सेवालाई प्रभावकारी बनाउन सरकारले एम्बुलेन्स सेवा निर्देशिका, २०८२ लागू गरिसकेको जानकारी दिनुभयो।

देशभर एउटै आकस्मिक नम्बर १०२ मार्फत सेवा प्रवाह गर्न सङ्घीय तथा सातै प्रदेशका स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रलाई २४ सै घण्टा क्रियाशील बनाइएको मन्त्री मेहताले बताउनुभयो।

त्यसैगरी, ट्रमा उपचारलाई शल्यक्रिया र औषधिमा मात्र सीमित नगरी शारीरिक पुनःस्थापना तथा मनोसामाजिक परामर्श सेवालाई समेत संस्थागत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

दुर्घटनापछि देखिन सक्ने शारीरिक अपाङ्गता तथा मानसिक समस्यालाई सम्बोधन गर्न पुनःस्थापना सेवाको विस्तार गर्ने सरकारको नीति रहेको उहाँले बताउनुभयो।

राष्ट्रिय ट्रमा सेन्टरको सेवा विस्तार र संस्थागत सुदृढीकरणमा मन्त्रालय सकारात्मक रहेको उल्लेख गर्दै मन्त्री मेहताले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) स्वीकृति र दरबन्दी व्यवस्थापनका विषयलाई छिट्टै निष्कर्षमा पुर्याइने बताउनुभयो।

निर्वाचित...

निर्वाचित भएका थिए।

सदस्यहरुमा सतिष कुमार दत्त, दिलिप यादव, दिनेश कुमार सिह, बालकृष्ण कार्की, सुरेन्द्र प्रसाद यादव, संतोष चौधरी, डा.शिवनारायण यादव र राम नारायण चौधरी निर्वाचित भएका थिए।

केन्द्रिय पार्षदहरुमा सुधा देव, नारायण साह, मनोज देव, बालाकृष्ण ढुंगाना, डा.देवनारायण यादव, श्याम पोखरेल, सत्यनारायण साह र अजय कुमार चौधरी निर्वाचित भएका थिए।

"सामुहिक...

श्रमजीवी पत्रकारको निस्काशन लगायतका विरोधमा आयोजित धर्ना कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व सभापती, विभिन्न संचारमाध्यमका प्रकाशक/सम्पादक, प्रेस युनियन, प्रेस चौतारी, प्रेस संगठन, प्रेस मञ्च लगायत आबद्ध पत्रकाहरुको उल्लेख्य सहभागिता रहेको थियो।

बाइस...

बराबरका सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।

तीन वटा गाडीमाअ भन्सार छली ल्याउँदै गरेको १७ लाख ७९ हजार २ सय बराबरका कपडालगायत सामान नियन्त्रणमा लिइएको छ। नियन्त्रणमा लिइएका गाडी र सामान वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको छ।

विश्व समाचार

गुगलविरुद्ध मलेसियाको १४ करोड ६० लाख डलरको मुद्दा

क्वालालम्पुर, ९ मङ्सिर (रासस/एएफपी)।

युट्युबमा जुवा, ठगी तथा मानहानिकारक सामग्री हटाउन असफल भएको आरोपमा मलेसियाले गुगलविरुद्ध १४ करोड ६० लाख अमेरिकी डलरको मुद्दा दायर गरेको छ। मलेसियाली सञ्चार तथा मल्टिमिडिया आयोगले बुधबार गुगलले कानूनी दायित्व र इजाजतपत्रका सर्त पालना नगरेको भन्दै दुई छुट्टाछुट्टै मुद्दा अघि बढाएको जनाएको छ।

आयोगका अनुसार पहिलो मुद्दा जुवा, अनलाइन ठगी र धोखाधडीसहित हजारौँ हानिकारक सामग्री हटाउन युट्युबले पर्याप्त कारबाही नगरेको विषयसँग सम्बन्धित छ। आयोगले यस वर्ष जनवरी १ देखि अक्टोबर २८ सम्म युट्युबमा रहेका सामग्रीबारे ७३ हजार ७०३ वटा उजुरी दिएको थियो। तीमध्ये अधिकांश अनलाइन जुवासम्बन्धी थिए।

आयोगका अनुसार जुवासम्बन्धी उजुरीमध्ये चार हजार ९५० वटामा कुनै प्रतिक्रिया प्राप्त भएन भने थप ३५ वटामा सामग्री हटाउने वा जवाफ दिने प्रक्रियामा ९० दिनभन्दा बढी समय लागेको थियो। त्यस्तै, एक हजार ४६८ उजुरीमा कारबाहीका लागि ३० दिनभन्दा बढी समय लागेको थियो। यस्ता तथ्याङ्कले युट्युबमा हानिकारक सामग्रीको मात्रा र त्यसलाई हटाउन भइरहेको ढिलाइ देखाउने आयोगले जनाएको छ।

दोस्रो मुद्दा भने मलेसियाली एक ब्लगरले युट्युबमा राखेको कथित मानहानिकारक तथा झुटो सामग्री आयोगमा उजुरी परेपछि पनि नहटाएको विषयमा केन्द्रित छ। यसबारे प्रतिक्रिया लिन खोज्दा गुगल तत्काल उपलब्ध हुन सकेन।

गुगलले सन् २०२४ मा घोषणा गरेको दुई अर्ब अमेरिकी डलरको लगानी विस्तार गर्दै आगामी दुई वर्षमा मलेसियामा १५ अर्ब अमेरिकी डलर लगानी गरी डेटा सेन्टर तथा अन्य पूर्वाधार निर्माण गर्ने योजना सार्वजनिक गरेको तीन सातापछि मुद्दा दायर भएको हो।

दक्षिणपूर्वी एसियामा डेटा सेन्टर निर्माणका लागि मलेसिया तीव्र गतिमा विकसित भइरहेको केन्द्रका रूपमा देखिएको छ। यस्ता केन्द्रमा रहेका सर्भरले च्याटबोट र तस्बिर निर्माण गर्ने प्रणालीलगायत कृत्रिम बौद्धिकतासम्बन्धी उपकरणको प्रशिक्षण र सञ्चालनमा सहयोग गर्छन्।

मलेसियाले यसअघि टिकटकसहित अन्य प्रमुख सामाजिक सञ्जालमाथि पनि अत्यन्त आपत्तिजनक सामग्री हटाउन असफल भएको आरोप लगाउँदै कारबाही अघि बढाएको थियो।

तनावबीच १२ बङ्गलादेशी खेलाडी आइपीएल लिलामीमा

नयाँदिल्ली, ९ मङ्सिर (रासस/एएफपी)।

भारत र बङ्गलादेशबीच राजनीतिक तनाव बढिरहेका बेला आगामी इन्डियन प्रिमियर लिग (आइपीएल) को खेलाडी लिलामीका लागि १२ जना बङ्गलादेशी क्रिकेटरले नाम दर्ता गराएका छन्। भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बीसीसीआई) ले बुधबार सार्वजनिक गरेको प्रारम्भिक सूचीमा उनीहरू समेटिएका हुन्।

आगामी डिसेम्बर १६ मा गोवामा हुने मिनी लिलामीका लागि कुल एक हजार २२० खेलाडीले नाम दर्ता गराएका छन्। तर, फ्रेन्चाइजी टोलीले खेलाडी छनोट गर्नुअघि सूची छोट्याइनेछ। बीसीसीआईका अनुसार लिलामीअघि टोलीहरूले १८४ खेलाडीलाई कायम राखेका वा छनोट गरिसकेका छन्। अब विदेशी खेलाडीका लागि २५ सहित अधिकतम ६६ स्थान भर्न बाँकी छ।

भारत र बङ्गलादेशबीचको तनावले क्रिकेट सम्बन्धसमेत प्रभावित हुँदै आएको छ। सुरक्षा चिन्ताका कारण भारत सहआयोजक रहेको यस वर्षको ट्वान्टी-२० विश्वकपमा खेल्न अस्वीकार गरेपछि बङ्गलादेश प्रतियोगिताबाट बाहिरिएको थियो।

यसअघि गत वर्षको आइपीएल लिलामीमा १० लाख अमेरिकी डलरभन्दा बढी मूल्यमा कोलकाता नाइट राइडर्सले अनुबन्ध गरेका बङ्गलादेशी तीव्र गतिका बलर मुस्ताफिजुर रहमानलाई टोलीबाट हटाउन बीसीसीआईले निर्देशन दिएको थियो। मुस्लिम बहुल बङ्गलादेशमा हिन्दूमाथि भएको भनिएको आक्रमणलाई लिएर भारतका दक्षिणपन्थी समूहले अनलाइन विरोध गरेपछि उक्त निर्णय आएको थियो। ढाकाले भने भारतीय सञ्चारमाध्यमले हिंसाको परिमाण बढाइचढाइ गरेको आरोप लगाउँदै आएको छ।

सन् २०२४ मा बङ्गलादेशमा भएको जनविद्रोहबाट भारतको निकट सहयोगी तत्कालीन प्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि दुई देशबीचको सम्बन्ध थप तनावपूर्ण बनेको हो। हसिना हाल भारतमा निर्वासनमा रहनुभएको छ।

यसपटक लिलामीका लागि दर्ता भएका चर्चित खेलाडीमध्ये इङ्गल्यान्डका अलराउन्डर बेन स्टोक्स पनि हुनुहुन्छ। उहाँको आधार मूल्य दुई लाख १६ हजार ९०० अमेरिकी डलर तोकिएको छ।

प्रारम्भिक सूचीमा सबैभन्दा धेरै ९३९ जना भारतीय खेलाडी छन्। विदेशी खेलाडीमध्ये अस्ट्रेलियाका ५३, दक्षिण अफ्रिकाका ४०, वेस्ट इन्डिजका ३६, न्युजिल्यान्डका २५ र अफगानिस्तानका २३ जना छन्। यस्तै, अमेरिकाका १३ तथा संयुक्त अरब इमिरेट्स र नेपालका १०-१० खेलाडीले नाम दर्ता गराएका छन्।

लिलामीपछि फ्रेन्चाइजी टोलीहरूले आगामी वर्षको आइपीएल प्रतियोगिताका लागि आफ्नो टोलीलाई अन्तिम रूप दिनेछन्।

लैंगिक हिंसा विरूद्ध प्रभातफेरी र कोणसभा



दैनिक समाचारदाता
राजविराज, ९ मंसिर ।

लैंगिक हिंसा विरूद्ध १६ दिने अभियान अन्तरगत पहिलो दिन बुधबार राजविराज नगरपालिकामा प्रभातफेरी र कोण सभा गरिएको छ ।

जिल्लाका सरकारी कार्यालय, संघसंस्था, शैक्षिक संस्थाहरू लगायतको संयुक्त आयोजनामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिको प्रांगणबाट निस्किएको प्रभातफेरि नगरको विभिन्न भागको परिक्रमा गरि पुन: जिल्ला समन्वय समिति कै प्रांगणमा कोण सभामा परिणत भएको थियो ।

कोण सभामा बोल्दै सप्तरीका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले मधेस प्रदेशमै सबैभन्दा बढी सप्तरी जिल्लामा लैंगिक हिंसा भइरहेको तथ्यांक रहेकोले लैंगिक हिंसा न्यूनीकरणका लागि प्रत्येक व्यक्तिले आफ्नै घरबाट सुरू गर्नुपर्ने आवश्यक रहेको बताए ।

लैंगिक हिंसा विरूद्धको अभियानमा मात्र यो अभियान नभएर यो अभियान ३ सय ६५ दिनसम्म प्रत्येक व्यक्तिले आफैबाट लागु गर्नुपर्ने उनको भनाई छ । कसैले हिंसा गर्न हुदैन, हिंसा गर्न दिनुहुन्न र हिंसा भइरहेको हेरेपछि र सुनेपछि चुप लागेर नबसेर न्यायका लागि अगाडि बढ्नुपर्ने उनले बताए ।

कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविनले बालबालिकाहरूमाथि हिंसाका घटनाहरू बढ्दै गएको घर, विद्यालयमा र समाजबाटै बालबालिका हिंसाको सिकार हुँदै आएकोले हिंसाको सिकार हुन नदिन र हिंसा नसहन र हिंसा विरूद्ध आवाज उठाउन विद्यार्थी भाइबहिनीलाई आग्रह गरिन ।

कार्यक्रममा पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष सुधा देवले जिल्लामा भइरहेको हिंसा न्यूनीकरणका लागि प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा दिएर हरेक पक्षमा सक्षम बनाउन सके हिंसाका घटना न्यूनीकरण हुने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख रूपक खड्का लगायतले आ-आफ्ना आफ्नो धारणा राखेका थिए । मुलुकभर महिला हिंसा बिरूद्धको अभियान २५ नोभेम्बर देखि १० डिसेम्बर सम्म मनाईदै छ ।

प्रत्येक दश मिनेटमा एक महिला तथा बालिकाको हत्या

काठमाडौँ, ९ मंसिर (रासस) ।

नोभेम्बर २५ अर्थात् महिला हिंसा उन्मूलनका लागि अन्तरराष्ट्रिय दिवस विश्वका विभिन्न देशमा विविध चेतनामूलक कार्यक्रम आयोजना गरी मनाइँदै छ ।

महिला तथा बालिकामाथि हुने हिंसा मानव अधिकार उल्लङ्घनको व्यापक स्वरूप भएको उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घले यसको अन्त्यका लागि कानुनी व्यवस्था, न्यायमा पहुँच र जनचेतना अभिवृद्धिमा जोड दिँदै आएको छ ।

यसैबीच, विश्वभर प्रत्येक १० मिनेटमा एक महिला वा बालिकाको आफ्नै घनिष्ठ साथी वा परिवारका सदस्यबाट हत्या हुने गरेको तथ्य सार्वजनिक भएको छ । राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध कार्यालय र संयुक्त राष्ट्रसङ्घीय महिला निकायले सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् २०२४ मा विश्वभर करिब ५० हजार महिला तथा बालिकाको आफ्नै घनिष्ठ साथी वा परिवारका सदस्यबाट हत्या भएको थियो । यो सङ्ख्या दैनिक औसत १३७ हो ।

महिला तथा बालिकामाथि हुने हिंसाका विभिन्न स्वरूपमध्ये हत्या सबैभन्दा चरम अवस्था हो । उनीहरूमाथि हुने हिंसा प्राय: लामो समयदेखिको दुर्व्यवहार, धम्की, नियन्त्रण र असमान शक्ति सम्बन्धसँग जोडिएको प्रतिवेदनले औँल्याएको छ ।

महिला तथा बालिकामाथि हुने हिंसा अन्त्यका लागि अन्तरराष्ट्रिय समुदायले विभिन्न कानुनी तथा नीतिगत प्रयास गर्दै आएको छ । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७९ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पारित गरेको थियो । त्यसैगरी, सन् १९९३ मा महिलाविरुद्ध हुने हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र जारी गरिएको थियो ।

महिला अधिकारकर्मीले सन् १९८१ देखि नोभेम्बर २५ लाई लैङ्गिक हिंसाविरुद्धको दिवसका रूपमा मनाउँदै आएका छन् । सन् १९६० नोभेम्बर २५ मा डोमिनिकन गणतन्त्रका तत्कालीन शासक राफेल त्रुजिलोको आदेशमा राजनीतिक गतिविधिमा संलग्न मिराबल दिदीबहिनीको हत्या गरिएको घटनाको स्मरणमा यो दिन छनोट गरिएको हो ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९९ डिसेम्बर १७ मा यससम्बन्धी प्रस्ताव पारित गरी नोभेम्बर २५ लाई महिला हिंसा उन्मूलनका लागि अन्तरराष्ट्रिय दिवसका रूपमा औपचारिक मान्यता दिएको हो । त्यसयता सदस्य राष्ट्र, अन्तरराष्ट्रिय संस्था र गैरसरकारी संस्थालाई यस दिन चेतनामूलक कार्यक्रम आयोजना गर्न आह्वान गरिँदै आएको छ ।

बुधबारैदेखि डिसेम्बर १० अर्थात् मानव अधिकार दिवससम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान पनि सञ्चालन गरिन्छ । अभियानले महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सरकार, नागरिक समाज र समुदायको सामूहिक प्रयास आवश्यक रहेको सन्देश प्रवाह गर्दै आएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले महिला तथा बालिकामाथिको हिंसा सबै देश र समुदायलाई प्रभावित पार्ने विश्वव्यापी लज्जाको विषय भएको उल्लेख गर्दै यसको अन्त्यका लागि न्याय सुनिश्चित गर्न र रोकथामका प्रयासलाई तीव्र बनाउन आह्वान गर्नुभएको छ ।

यस दिवसका अवसरमा जारी सन्देशमा उहाँले हिंसापीडितलाई कानुनी सहायता, स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श र सुरक्षित आश्रयको व्यवस्था गर्न तथा हिंसासम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारहरूलाई आग्रह गर्नुभएको छ ।

यसै अवसरमा राष्ट्रसङ्घकी उपमहासचिव अमिना मोहम्मदले हिंसापीडित महिलालाई संरक्षण र न्याय उपलब्ध गराउन तथा दोषीलाई जवाफदेही बनाउन सबै पक्ष जिम्मेवार हुनुपर्ने बताउनुभएको छ ।

लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्न प्रधानमन्त्री शाहको आह्वान

काठमाडौँ, ९ मंसिर (रासस) ।

प्रधानमन्त्री वालेन्द्र शाहले लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिलाई व्यवहारमै कार्यान्वयन गर्दै पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता गर्न सबै पक्षलाई आह्वान गर्नुभएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको प्रारम्भका अवसरमा शुभकामना सन्देश जारी गर्नुहुँदै प्रधानमन्त्री शाहले लैङ्गिक हिंसा मानवअधिकारको गम्भीर उल्लङ्घन तथा समतामूलक समाज निर्माणको प्रमुख चुनौती भएको उल्लेख गर्नुभएको छ ।

उहाँले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय हिंसाबाट बढी प्रभावित भइरहेको उल्लेख गर्नुहुँदै बदलिँदो परिवेशमा डिजिटल माध्यमबाट हुने हिंसासमेत थप चुनौतीका रूपमा देखिएको बताउनुभएको छ । संविधानको मर्मअनुरूप समानता, सामाजिक न्याय र समावेशितालाई व्यवहारमा रूपान्तरण गर्न सबै प्रकारका हिंसाको रोकथाम, पीडितको संरक्षण, न्यायमा पहुँच र दोषीलाई कानुनी कारबाही सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

प्रधानमन्त्री शाहले लैङ्गिक हिंसा अन्त्यका लागि कानुनी तथा संस्थागत व्यवस्था सुदृढीकरण, महिलाको सशक्तीकरण, बालिका शिक्षाको प्रवर्द्धन तथा पीडितको संरक्षण र पुनःस्थापनालाई सरकारले प्राथमिकता दिएको उल्लेख गर्नुभएको छ । यी प्रयासलाई प्रभावकारी बनाउन कानुनको कार्यान्वयन, सामाजिक चेतना, संस्थागत जवाफदेहिता तथा तीनै तहका सरकारबीच समन्वय र सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ छ ।

यसै वर्ष भदौ महिनामा भोटेकोशी क्षेत्रमा गएको बाढीले पुर्‍याएको क्षतिको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री शाहले विपद्का समयमा लैङ्गिक हिंसाको जोखिम बढ्न सक्नेतर्फ विशेष सचेत रहनसमेत आग्रह गर्नुभएको छ ।

अभियानलाई सफल बनाउन राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्था, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम, राजनीतिक दल, अभियन्ता र आमनागरिकको सक्रिय सहभागिता तथा ऐक्यबद्धताका लागि उहाँले आह्वान गर्नुभएको छ ।

प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर सञ्चालन हुने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान यस वर्ष पनि बुधबारदेखि सुरु भएको हो ।

संयुक्त राष्ट्रसङ्घले यस वर्ष 'महिला तथा बालिकाविरुद्धको हिंसा अन्त्यका लागि एकजुट होऔं: न्याय सुनिश्चित गरौं, पीडितको संरक्षण गरौं र दण्डहीनताको अन्त्य गरौं' भन्ने अन्तरराष्ट्रिय नाराका साथ अभियान सञ्चालन गर्न आह्वान गरेको छ । नेपालमा 'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता' भन्ने राष्ट्रिय नारासहित अभियान सञ्चालन हुँदैछ ।

प्रधानमन्त्री शाहले अभियानअन्तर्गत सञ्चालन हुने विविध कार्यक्रमले लैङ्गिक हिंसामुक्त, न्यायपूर्ण र समतामूलक समाज निर्माणमा योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुहुँदै अभियानको सफलताको कामना गर्नुभएको छ ।

माग अनुसारको ग्यासको आयात बढाउन निगमको निर्देशन

काठमाडौँ, ९ मंसिर (रासस) ।

नेपाल आयल निगमले खाना पकाउने एलपी ग्यासको आयात र बिक्री वितरणलाई पूर्ण क्षमतामा सञ्चालन गर्न एलपी ग्यास उद्योगलाई निर्देशन दिएको छ ।

निगमको एलपी ग्यास तथा एभिएसन विभागले ग्यास उद्योगलाई पत्राचार गर्दै देशभर ग्यासको आपूर्ति व्यवस्था थप सहज, नियमित र प्रभावकारी बनाउन उद्योगलाई विभिन्न निर्देशन दिएको हो ।

निगमले सबै एलपी ग्यास उद्योगहरूलाई बजारको मागअनुसार ग्यासको आयात अधिकतम रूपमा बढाउन, उद्योगको भण्डारण क्षमता पूर्ण रूपमा उपयोग गरी ग्यास मौज्दात राख्न तथा भन्सारमा रहेका ग्यास बुलेटहरू समयमै छुटाई आपूर्ति प्रणालीमा ल्याउन आग्रह गरेको छ ।

IMPACT Nepal

आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था **इम्प्याक्ट नेपाल**का लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८३ मंसिर १६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

पद	काम गर्ने स्थान	संख्या	न्यूनतम योग्यता
प्राथमिक कान उपचार कार्यकर्ता	बारा/पर्सा/सप्तरी	५	CMA/HA

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वा इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र घुसुकपुर, कलैया (९८४५६००६००) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र गौर (०५५-५२०७७३) वा इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिने छ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसापत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*